**अवधारणा {AWADHARANA}**
{A Peer-Reviewed Multidisciplinary, Open Access & NepJOL Indexed Journal}
Volume 9, 2025 {Print ISSN: 2505-080x}
Email: loktantrik066@gmail.com
URL: https://nepjol.info/index.php/awadharana
Copyrights: *Copyright 2025 Author/s and Creative Democrat Academy, Pokhara, Nepal. This work is licensed under a Creative Commons Attribution- Non Commercial* 4.0 International License
***Publisher***
*Creative Democrat Academy*

# *राजेश्वरी* खण्डकाव्यको पाठकीय पर्यवेक्षण

**डा. बोधराज ढकाल {Dr. Bodha Raj Dhakal}**
नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
{Department of Nepali, Prithvi Narayan Campus, Pokhara}

**Article History:**
Received 29 July 2025, Reviewed 27 August 2025, Accepted 21 October 2025
**Corresponding Author:**
Bodha Raj Dhakal; Email : bodharajdhakal026@gmail.com
ORCID ID : https://orcid.org/0009-0008-7988-6225
DOI : https://doi.org/10.3126/awadharana.v9i1.86191

## सार

प्रस्तुत अनुसन्धानात्मक लेख 'राजेश्वरी' खण्डकाव्यको पाठकीय पर्यवेक्षणमा आधारित छ । राजेश्वरी खण्डकाव्यको मूलतः भावगत पक्षमा अन्तरनिहित विविध पक्षहरूको विश्लेषण गर्ने उद्देश्य यस लेखको रहेको छ । लेखको विश्लेषणका लागि अध्ययन क्षेत्र राजेश्वरी खण्डकाव्य रहेको छ भने समस्याका रूपमा भावगत विविधताको स्वरूप र त्यसको प्रस्तुति कसरी भएको छ त्यो रहेको छ । यस प्राज्ञिक जिज्ञासालाई खण्डकाव्य सिद्धान्तका सापेक्षतामा रहेर विश्लेषणमार्फत निराकरण गरिएको छ । आधुनिक सभ्यता र वैज्ञानिक आविष्कारका नाममा आणविक हातहतियारको होडबाजीले अनाहकमा जीवन जसरी सिकार भएर मृत्युवरण गर्न बाध्य भएको छ यस वास्तविकतालाई काव्यमा उजागर गरिएको छ । सत्ता स्वार्थ एवम् नागर जीवनबाट टाढा भएर प्रकृतिको काखमा आनन्दसँग बिताएको जीवनलाई जालझेल र कपट गरेर जिउँदै चितामा जल्न बाध्य पारेको अमानवीय कृत्य हो भन्ने निष्कर्ष यस अध्ययनमा दिइएको छ । जसले जीवन दियो उसैलाई मात्र लिने अधिकार छ भन्ने दृष्टिकोणलाई विभिन्न दृष्टान्तमार्फत चरितार्थ गर्दै विश्व मावनतावादी दृष्टिकोणका साथै नेपाली प्रकृति, संस्कृति, इतिहास एवम् विम्ब, प्रतीक र अलङ्कारको संयोजन गरिएको काव्य भएको यस लेखको निचोड रहेको छ । गुणात्मक अध्ययन पद्धतिमा आधारित यस अध्ययनमा पुस्तकालयीय कार्यका माध्यमबाट उद्देश्यमूलक नमुना छनौट पद्धतिका आधारमा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरू सङ्कलन गरिएको छ । राजेश्वरी खण्डकाव्यमा अनिच्छित हुँदाहुँदै मानवताको गला रेटिएको सन्दर्भलाई तत्त्वमीमांसाका रूपमा लिइएको छ । पुस्तकालयीय कार्यबाट प्राप्त सामग्रीहरूको अध्ययनबाट प्राप्त तथ्य र दृष्टान्तका आधारमा मानवतावादी दर्शनका साथै सांस्कृतिक, प्राकृतिक

एवम् ऐतिहासिक सन्दर्भलाई पनि सुस्पष्ट पारिएको छ । खण्डकाव्यीय सिद्धान्तको भावगत पक्षलाई सैद्धान्तिक आधार बनाएर बहुसत्यलाई विश्वास गरेर खण्डकाव्यको पाठकीय पर्यवेक्षण गरिएको छ ।

**शब्दकुञ्जी** : आर्षजीवन, आसागुर्जा, जिजीविषा, वैधव्य, सेतीवेदी ।

## विषयपरिचय

नेपाली कविताको स्वच्छन्दतावादी धारामा उदाएका माधवप्रसाद घिमिरे (वि.सं.१९७६-२०७७)का कविता, खण्डकाव्य, गीतिनाटक, गीत, निबन्ध, समालोचना, गीतिकाव्य, कथा एवम् नाटक विधामा लेखिएका कृतिहरू प्रकाशित छन् । वि.सं. १९९२ मा गोरखापत्रमा *ज्ञानपुष्प* कविता प्रकाशनपश्चात् साखित्य लेखनमा देखापरेका घिमिरेको *राजेश्वरी* खण्डकाव्य वि.सं. २०१७ सालमा प्रकाशित काव्य हो । स्वच्छन्दतावादी भाव र परिष्कारवादी शिल्पमा संयोजित भई काव्य लेखनमा क्रियाशील घिमिरेको *राजेश्वरी* खण्डकाव्य ऐतिहासिक विषयमा आधारित काव्य हो । यस खण्डकाव्यमा इतिहासको विषयलाई केन्द्रमा राखेका भए पनि भावगत रूपमा अध्ययन गर्दा विविध पक्षलाई प्रस्तुत गरेको पाइन्छ । खण्डकाव्यका विविध घटकहरू भए पनि यस काव्यमा अभिव्यक्त भावका विविध पक्षलाई पाठकीय पर्यवेक्षणका रूपमा विश्लेषण गरिएको छ । यस खण्डकाव्यमा इतिहास, संस्कृति, प्रकृति र जीवनदर्शनलगायतका पक्षहरूसँग सम्बन्धित विषयलाई मूल विषय बनाएर अध्ययन गरिएको छ । राजेश्वरीको जीवन भोगाइसँग सन्दर्भगत बनेका विषयहरूको पाठकीय दृष्टिले अवलोकन गरी त्यसको अन्तर्य यस लेखमा प्रस्तुत गरिएको छ । खण्डकाव्यका स्थापित सैद्धान्तिक मान्यताअनुसारका घटकीय गुणका आधारमा यसपूर्व अध्ययन भइसके पनि भावगत विविधताभित्रका विभिन्न अन्तर्यहरूलाई भने विश्लेषण नगरिएको हुनाले यसलाई नै परिपूर्ति गर्न पाठकीय पर्यवेक्षणमार्फत काव्यको विवेचना गरिएको छ । खण्डकाव्यका मूल घटकहरूमध्ये भागवत(विचार) विविधता काव्यमा के कसरी प्रस्तुत गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासालाई पूरा गर्ने उद्देश्यले यो लेख तयार गरिएको छ । काव्यमा अन्तरनिहित यही विचारगत विषयका विविध पक्षहरूलाई यस अध्ययनको क्षेत्र बनाएर *राजेश्वरी* खण्डकाव्यको दृष्टान्तसहित साङ्गोपाङ्ग अध्ययन गरिएको हुनाले यो अध्ययन मौलिक, नवीन एवम् प्राज्ञिक अध्ययनका दृष्टिले पनि उपयोगी रहेको हुनाले यस अध्ययनलाई औचित्यपूर्ण मान्न सकिन्छ ।

प्रस्तुत अनुसन्धानात्मक लेख माधवप्रसाद घिमिरेको *राजेश्वरी* खण्डकाव्यमा पाठकीय पर्यवेक्षण अन्तर्गत भावगत विविधता कस्तो छ ? र त्यो कसरी प्रकट भएको छ ? भन्ने मूल समस्यामा केन्द्रित छ । खण्डकाव्यमा खण्डकाव्यीय घटकहरूमध्ये भाव पक्षमा अन्तरनिहित पक्षहरूलाई उजागर गरी पाठकीय पर्यवेक्षणसहित निष्कर्षमा पुग्नु यस लेखको उद्देश्य रहेको छ । प्रस्तुत अनुसन्धानात्मक अध्ययन माधवप्रसाद घिमिरेको *राजेश्वरी* खण्डकाव्यको पाठकीय पर्यवेक्षण विषय खण्डकाव्यका घटकसँग सम्बन्धित सैद्धान्तिक मान्यताहरूमध्ये भावपक्षमा आधारित छ । खण्डकाव्यसँग सम्बन्धित सैद्धान्तिक मूल्य र मान्यता अन्तर्गत भावगत पक्षलाई सापेक्षमा राखेर *राजेश्वरी* खण्डकाव्यको विश्लेषण गरिएको छ । त्यसैले *राजेश्वरी* खण्डकाव्य बाहेकका अन्य काव्यकृतिहरू र खण्डकाव्यका स्थापित घटकीय मान्यताहरू बाहेकका अन्य पक्षहरू यस अध्ययनका सीमा रहेका छन् ।

## अध्ययनको विधि

गुणात्मक पद्धतिमा आधारित प्रस्तुत अनुसन्धानात्मक लेखमा प्रयोग भएका सामग्रीहरू पुस्तकालीय कार्यका माध्यमबाट सङ्कलन गरिएका छन् । विवेचनाका लागि लिइएको *राजेश्वरी* खण्डकाव्य प्राथमिक स्रोतको सामग्री रहेको छ भने यस काव्यसँग सम्बन्धित विश्लेषित लेखहरू एवम् खण्डकाव्यीय घटकहरूसँग सापेक्षित सिद्धान्तनिकट सामग्रीहरू द्वितीयक स्रोत सामग्री रहेका छन् । यस लेखमा *राजेश्वरी* खण्डकाव्यको पाठकीय पर्यवेक्षणको आधार खण्डकाव्यका निर्धारित घटकहरूमध्ये भाव पक्षलाई मानिएको छ । खण्डकाव्यीय घटकहरूका सैद्धान्तिक पक्षसँग सम्बन्धित सामग्रीहरूलाई सापेक्षित गराएर काव्यका काव्यांशहरूलाई दृष्टान्तमा राखी व्याख्यात्मक रूपमा पाठकीय पर्यवेक्षण गरिएको छ । यस लेखमा शीर्षकीकरण, अनुच्छेदविन्यास, सन्दर्भाङ्कन एवम् सम्पादनलगायतका अनुसन्धानात्मक संरचनाहरू एपिए सातौँ संस्करणको सापेक्ष गराएर प्रस्तुत गरिएको छ ।

### विश्लेषणीय प्रारूप र विधि

माधवप्रसाद घिमिरेको *राजेश्वरी* खण्डकाव्यलाई यसका विधागत घटकहरूलाई सामान्य रूपमा समेटेर पाठ विश्लेषण गरिएको छ । पाठकीय पर्यवेक्षण विधिको उपयोग गरी भाव वा विचारका विविध पक्षलाई बहुसत्यमा आधारित भएर तथ्य, साक्ष्य र दृष्टान्त पहिल्याएर तिनको व्याख्या एवम् विश्लेषण गरी लेखलाई पूर्ण गराइएको छ ।

### सैद्धान्तिक पर्याधार

फुटकर कविताभन्दा ठूलो अनि महाकाव्यभन्दा सानो आकारको कविताभेद खण्डकाव्य हो । खण्डकाव्यसम्बन्धी चिन्तन मूलतः विश्वनाथले गरेको पाइन्छ । विश्वनाथले *साहित्यदर्पण* ग्रन्थमा प्रबन्धकाव्यका चार भेद (महाकाव्य, काव्य, खण्डकाव्य र कोषकाव्य) मा खण्डकाव्य शब्दको उल्लेख गरी यसको परिभाषा दिएका छन् । 'खण्डकाव्यं भवेत्काव्यस्यैकदेशानुसारि च ।' काव्यको एकादेशको अनुशरण गर्ने खण्डकाव्य हो (विश्वनाथ, सन् २०१२, पृ.५५५) । कुनै एक विषयमा आधारित सर्गयुक्त एवम् रहित सबै सन्धि संयोजन नभएको र काव्यको एकदेशको अनुशरण गरिएको प्रबन्धात्मक काव्य नै खण्डकाव्य हो । विश्वनाथकै धारणासँग मेल खाँदै सोमनाथ सिग्देलको काव्यको एक टुक्रा जस्तो छोटो कथानक लिएर श्रृङ्खलित रूपमा बिचैबाट उठेर बिचैमा टुङ्गिएको सर्गबन्धन र सर्गसन्धिहरू नभएको छोटो काव्य खण्डकाव्य हो भनेर परिभाषित गरिएको छ (सिग्देल, २०५८, पृ.९२) सिग्देलको यो मत विश्वनाथभन्दा त्यति फरक रहेको देखिन्न । यसैगरी वासुदेव त्रिपाठीले खण्डकाव्य कविता विधाको यस्तो मझौला आयामको उपविधागत भेद देखापर्दछ जसले कुनै आख्यानमार्फत वा आख्यान नअँगाली जीवनजगत्को एक खण्ड वा भाग वा अंशलाई बद्ध या मुक्तलयमा उनिएका भाषिक सङ्कथनका माध्यमबाट अन्वितिपूर्वक व्यक्त गर्दछ भनेर खण्डकाव्यको परिचय दिएका छन् (त्रिपाठी, २०४८, पृ.२९३) । यसरी अध्ययन गर्दा जीवनको कुनै महत्त्वपूर्ण घटनालाई सर्गयुक्त वा रहित तथा सर्गसन्धि नभएको शृङ्खलित बद्ध वा मुक्त लयमा संरचित काव्यको मझौला रूप नै खण्डकाव्य भएको स्पष्ट हुन्छ । बालचन्द्र शर्माका अनुसार कथानकबाट एक अंश लिएर लेखिएको भए पनि त्यो सम्पूर्ण नै पूर्ण भएको कार्यलाई नै खण्डकाव्य भनिएको छ (शर्मा, २०१९, पृ.२१३) । खण्डकाव्यका

पनि आफ्नै संरचित घटकहरू रहेका छन् । यसलाई खगेन्द्रप्रसाद लुइटेलले वस्तु वा कृतिको समग्र रूपाकृति, ढाँचा, व्यवस्था र सङ्गठनलाई बुझाउने बस्तु भनेर उल्लेख गरेका छन् (लुइटेल, २०६०, पृ.६१) । ती संरचित घटकहरूमा शीर्षक, आख्यानात्मक संरचना अर्थात् विषयवस्तुगत संरचना, (कथावस्तु, पात्र र परिवेश), विचार, भाव, रस, लय, विम्बालङ्कार, प्रतीक, सर्ग, आयाम, कथन पद्धति र भाषाशैली रहेका छन् ।

खण्डकाव्यमा मूल भाव, विषय, दृष्टिकोण, विचारको उद्बोधन हुने गरी काव्यको पात्र, विषयवस्तु, परिवेश, विचार आदिअनुसार शीर्षक चयन गरिन्छ जसमा विचारको व्यञ्जक अभिव्यक्त हुनुपर्दछ । खण्डकाव्यमा स्थूल वा सूक्ष्म आख्यानलाई आत्मसात् गरिएको हुन्छ । आख्यान निरपेक्ष रही कुनै विषय, प्रसङ्ग, स्थान आदिको प्रस्तुति गर्ने कोषात्मक ढाँचाको खण्डकाव्य तथा खण्डकाव्यको नयाँ रूप मानिने प्रयोगवादी सन्दर्भका लामा कवितामा पनि कुनै न कुनै रूपमा अन्तराख्यानको प्रयोग भएकै पाइन्छ (त्रिपाठी, २०४६, पृ.५५-५६) । आख्यान संरचनाभित्र कथावस्तु, पात्र र परिवेश अन्तर्निहित हुन्छन् । कथावस्तु ऐतिहासिक, पौराणिक, सामाजिक, काल्पनिक, प्रकृति विषयक, बौद्धिक आदि विषयसँग सम्बन्धित हुन सक्दछ । कथावस्तुलाई गतिशील एवम् परिणाममा पुऱ्याउन पात्रहरूले महत्त्वपूर्ण भूमिका खेल्दछन् । कथावस्तुमा नै स्थान, समय एवम् परिस्थिति समाविष्ट हुन्छ । खण्डकाव्यमा परिवेश एकदेशीय हुने गर्दछ (खत्री, २०६७, पृ.५४) । कथावस्तु, पात्र, परिवेश, विम्बालङ्कार आदिको कलात्मक संयोजनबाट खण्डकाव्यमा अभिव्यक्त दृष्टि नै विचार वा भाव हो । यो उद्देश्यमूलक लेखकीय विचार एवम् विचारमूलक सन्देशमा रहेको हुन्छ । खण्डकाव्यमा काव्यकारले अङ्गीरसलाई परिपाक गराउन अनेक सहचारी भावलाई प्रस्तुत गरेका हुन्छन् । शास्त्रीय लक्षणका सापेक्षमा हेर्दै खण्डकाव्यमा श्रृङ्गार, वीर र शान्तमध्ये एक रस अङ्गीरस हुनुपर्ने भनिए पनि अन्य रस पनि उपयोग हुन सक्दछ (थापा, २०६६, पृ.६६) । लय व्यवस्थापनका विषयमा पनि खण्डकाव्य सबल हुनुपर्दछ । भाव सम्प्रेष्यमा प्रभावकारिता र आकर्षक गराउन लयले महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछ । खण्डकाव्यमा शास्त्रीय, लोक र मुक्त (गद्य कवितात्मक खण्डकाव्यमा अन्तर्लययुक्त) लयको प्रयोग गर्न सकिन्छ । खण्डकाव्यलाई अलङ्कृत गराउन विम्ब, अलङ्कार र प्रतीकले भूमिका खेल्दछन् । सर्जकका मानसपटलमा रहेको मानसिक तस्विरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा विम्ब हो (गौतम, २०६०, पृ.१) । यसै गरी काव्यलाई शब्द र अर्थका माध्यमबाट चमत्कार वा सौन्दर्य उत्पन्न गर्ने उपकरण अलङ्कार हो (सिग्देल, २०५८, पृ.२१२) । शब्द र अर्थ दुवैको उपयोगबाट भावलाई आकर्षक र निखार ल्याउन सकिन्छ । कुनै अदृश्य विषयलाई दृश्यात्मक रूपमा प्रकट गर्ने वस्तु वा सङ्केत नै प्रतीक हो (जोशी, २०५४, पृ.७७) । उपयुक्त प्रतीकात्मक अभिव्यक्तिले खण्डकाव्यलाई शोभायमान गराउन भूमिका खेल्दछ । प्रबन्धात्मक हुने भएको हुनाले काव्यलाई सुसङ्गठित र क्रमबद्ध गराउन सर्गयोजनाले भूमिका खेल्दछ । खण्डकाव्यमा अधिक सर्गको प्रयोग गर्नुभन्दा बढीमा आठ सर्गसम्मको आयोजना गर्न उपयुक्त हुन्छ (त्रिपाठी, २०५५, पृ.२४३) । मझौला आयामको खण्डकाव्यमा लम्बाइ र चौडाइका साथै भावको गुणात्मक प्रस्तुति आवश्यक पर्दछ । जीवन जगत्को कुनै विषय विशेषकै भाषिक लयात्मक कथन खण्डकाव्य भएको हुनाले (अवस्थी, २०६४, पृ.५१) यसमा कथनलाई प्रस्तुत गर्ने तरिका कविकथन, आख्यानीगत कथन, नाटकीकृत कथन वो मिश्रित हुन सक्दछ । समग्रमा तृतीय पुरूषात्मक कथन ढाँचामा खण्डकाव्य मूलतः आएको भए पनि आवश्यकताअनुसार प्रथम वा द्वितीय पुरूषको पनि प्रयोग हुनसक्दछ ।

खण्डकाव्यमा लयात्मक भाषाको प्रयोग आवश्यक मानिन्छ । त्यस्तै शैली सरसपूर्ण, आकर्षक एवम् सौन्दर्यपूर्ण हुनुपर्दछ । शैली वर्णनात्मक, सूत्रात्मक, नाटकीय आदि कुनै पनि हुन सक्दछ । भाषाशैली नै अभिव्यक्ति कौशलको आधार भएको हुनाले खण्डकाव्यमा यसको विशेष महत्त्व रहेको छ । खण्डकाव्यसँग सम्बन्धित यिनै घटकीय सन्दर्भमा रहेर *राजेश्वरी* खण्डकाव्यको विश्लेषण गर्दै मूलतः विचार वा भाव पक्षलाई पाठकीय पर्यवेक्षणमा रहेर यस अध्ययनको विवेचनालाई पूर्णता दिइएको छ ।

## विमर्श र नतिजा

इतिहासको महत्त्वपूर्ण परिस्थिति र मार्मिक विषय सन्दर्भलाई टिपेर माधवप्रसाद घिमिरेले तयार पारेको खण्डकाव्य *राजेश्वरी* २०१७ सालमा प्रकाशित भएको हो । गुल्मीको राजकुलमा जन्मेकी पतिव्रता सन्तानहीन श्री ५ रणबहादुर शाहकी जेठी रानी दरबारीया षड्यन्त्र र राजाको अकर्मण्यले गर्दा दरबारबाट निकालिएर हेलम्बूमा बस्न बाध्य छिन् । सुनौलो देश नेपालको कल्पना गर्ने *राजेश्वरी* पच्चीस वर्षको उमेरमा बाध्यात्मक रूपमा चितामा जल्न पुगेकी छन् । रानी राजेश्वरीको जीवन जटिल भइकन पनि सरल र सरल भइकन पनि मार्मिक कथालाई नै खण्डकाव्यमा विषय बनाइएको छ । हेलम्बूमा निर्वासित भएदेखि बाग्मतीमा सती गएसम्मको राजेश्वरीको मर्ममधुर जीवनको शेष अंशसँग सम्बधित विषय नै यस काव्यको कथावस्तु रहेको छ (घिमिरे, २०५०, पृ.क) । राजा रणबहादुर शाहको निधनपश्चात् रानी राजेश्वरीले भोग्न परेको आपत, विपत, दुःख एवम् पीडाजन्य कारूणिक कथाव्यथामा यो खण्डकाव्य आधारित छ ।

### संरचकीय स्वरूप

*राजेश्वरी* खण्डकाव्यमा बीस खण्ड रहेका छन् । हरेक खण्डलाई छाल भनिएको छ र हरेक छाल पाँच-पाँच श्लोकका रहेका छन् । छाल एकदेखि उन्नाइस छालसम्मका हरेक श्लोकहरू शार्दूलविक्रीडित छन्दमा सृजिएका छन् भने बीसौँ छालका श्लोकहरू भने शिखरिणी छन्दमा रहेका छन् । प्रत्येक छाल(सर्ग) उत्रै रूपाकारका पाँच-पाँच श्लोकी टुक्रामा विभक्त हुनु र सबै छालमा सानो गद्यांशद्वारा पूर्वाख्य कथा उनिनु *राजेश्वरी* काव्यको संरचनागत मौलिक विशेषता हो-यस्तो बान्की नेपाली खण्डकाव्य परम्परामा नौलो प्रयोग हो (पोखरेल, २०३९, पृ.६२) । खण्डकाव्यमा कथाको विकास छाल एकदेखि चारसम्म रानी राजेश्वरी हेलम्बूबाट कान्तिपुर प्रस्थान र राजा मरेको थाहा पाएको अवस्थासम्म आदि भाग, राजा मरेको थाहा पाएदेखि सती जान कडा आदेश दिएको आवस्था छाल पाँचदेखि सोह्रसम्म मध्यभाग र राजेश्वरी चित्तामा जिउँदै जलेर खरानी भएको छाल सत्रदेखि बीससम्म अन्त्य भागका रूपमा भएको देखिन्छ । भानुभक्तीय छन्दसिद्धिलाई आत्मसात गरेर त्यस्तो पद्यकारिता प्रस्तुत गर्ने दक्ष कविहरूमध्ये घिमिरे प्रथम स्थानमा पर्दछन् (पोखरेल, २०५२, पृ.६६२) । वद्धलयमा सृजित यस खण्डकाव्यको मूल छन्द शार्दूलविक्रीडित रहेको छ भने अन्तिम छालको छन्द शिखरिणी छन्द रहेको छ । यस खण्डकाव्यमा शास्त्रीय वर्णमात्रिक छन्दको प्रयोग गरिएको छ र हरेक श्लोक चार पाउका रहेका छन् :

एकलो कोमल प्याउली कुसुम यो एकलासमै फुल्न द्यौ
सन्ध्यामा छलिने कुनै किरण यो कैलासमै डुल्न द्यौ
मान्छेबाट नकाट दुःख-सुखको यौटै पनी यो क्षण

सारा सृष्टि सिँगार्छ इन्द्रधनुको यौटै पनी यो कण

(घिमिरे, २०५०, छाल १९/५, पृ.४०)

यस श्लोकमा १९ अक्षरको एक पाउ रहेको छ । प्रत्येक पाउको बाह्रौँ र उन्नाइसौँ अक्षरमा यति रहेको छ । गति, यति र लयको सुगठित प्रयोग गरिएको यस खण्डकाव्यमा अनुप्रासको संयोजन उत्कृष्ट भएको पाइन्छ । काव्यको लय व्यवस्था गेयात्मक र श्रुतिमधुर रहेको छ । शब्द-शब्दको कालीगढी चुनाइ र प्रयोग काव्यमा काव्यकारले गरेका छन् । कविनिबद्धवक्तृप्रौढोक्ति प्रणाली अर्थात् पात्रीय कथन पद्धति अँगालिएको यस काव्यमा प्रत्येक छाल पात्रहरूका कथनका रूपमा प्रस्तुत भएका छन् । यसरी संरचनागत पक्षलाई नियाल्दा *राजेश्वरी* खण्डकाव्यमा बीसओटा छाल रहेका र हरेक छालहरू पाँच-पाँच श्लोकबाट निर्मित रहेका देखिन्छन् । साथै आरम्भदेखि उन्नाइसौँ छालसम्म शार्दूलविक्रीडित छन्द र बीसौँ छालमा शिखरिणी छन्दको प्रयोग गरिएको पाइन्छ । खण्डकाव्यको संरचकीय स्वरूप शास्त्रीय वर्णमात्रिक छन्दमा आधारित रहेको पाइन्छ ।

**विम्बालङ्कारीय स्वरूप**

विम्ब, प्रतीक र अलङ्कारले खण्डकाव्यलाई अलङ्कृत गराउँछन् । मष्तिष्कमा पर्ने कुनै वस्तुको छायाँ नै विम्ब हो । अमूर्तलाई मूर्त दिन अमूर्तकै प्रयोग गर्ने विम्ब हो । जीवनजगत्बाट यिनीहरू लिइन्छन् र यस खण्डकाव्यमा पनि त्यसरी उपयोग गरिएका छन् । यो अदृश्यात्मक हुन्छ । सिधा व्यक्त गर्न नसकिएका कुराहरूलाई व्यक्त गर्ने माध्यम प्रतीक हो । यो दृश्यात्मक हुन्छ । विम्ब सोभै अर्थमा केन्द्रित हुन्छ भने प्रतीक व्यञ्जनात्मक हुन्छ (खत्री, २०६७, पृ.१६२) । खण्डकाव्यमा विषयवस्तुलाई प्रभावकारी एवम् विशिष्ट बनाउन विम्ब, प्रतीक र अलङ्कारको प्रयोग गरिएको छ । यिनीहरू प्राकृतिक र मिथकीय प्रकृतिका रहेका छन् । प्रतीकका रूपमा सुनफूल, कस्तुरी मृग, गोलाँइची, वीरभद्र, देवी, यमराज आदिलाई प्रयोग गरिएको छ । पाठकका मष्तिष्कमा मानसिक प्रभाव उत्पन्न गर्ने वर्णनात्मक वा आलङ्कारिक मात्रा नै विम्ब हो (लुइँटेल, २०६०, पृ.११९) । खण्डकाव्यमा मङ्गलाचरण, प्रकृतिको व्यक्तिविधान र भावनाको प्रकृतिकीकरण, अपशकुन, सुक्ति आदि विभिन्न सन्दर्भको प्रयोग नै अलङ्कार प्रविधि हो (अवस्थी, २०६१, पृ.५७) । काव्यमा राजेश्वरीलाई आजको स्वार्थी र सत्तालोलुप अमानवीय मानिसहरूका कारण असीम जिजीविषा हुँदाहुँदै बलजफती मारिएका मानिसहरूका प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । अलङ्कारका दृष्टिले यो खण्डकाव्य उत्कृष्ट रहेको छ । खण्डकाव्यमा उपमा, रूपक, उत्प्रेक्षा, दृष्टान्त आदि अलङ्कारको संयोजन सबल रूपमा गरिएको छ । जस्तै :

छैनन् भोका र प्यास मर्त्यजनका आँते हुने हर्‌हर
उत्कण्ठा न त भेटको छ जसले लम्किन्छ यात्रीघर
वैलेकी यिनलाइ कान्तिपुरमा लैजान्छ केले खिँची
अर्चालाई चुँडेर दूर लगिए भैँ फूल गोलाइँची

(छाल ६/५, पृ.१४) ।

यस श्लोकमा उपमा अलङ्कारको प्रयोग गरिएको छ । ओइलाएको गोलाइँची जस्तै भनेर राजेश्वरीलाई उपमानित गरिएको छ । यहाँ प्रकृतिकै गोलाइँची फूललाई राजेश्वरीको अन्तरसौन्दर्यपूर्ण वैशिष्ठ्यलाई समेत सङ्केत गर्दै प्रतीकात्मक स्वरूप प्रस्तुत गरिएको छ । विम्बालङ्कारका दृष्टिमा

*राजेश्वरी* खण्डकाव्य उत्कृष्ट रहेको र यस काव्यमा ठेट नेपाली विम्बको अधिक प्रयोग गरिएको पाइन्छ । उपमा, रूपक, उत्प्रेक्षा, दृष्टान्त आदि अलङ्कारको सबल संयोजन रहेको यस काव्यमा प्रकृतिबाट विभिन्न प्रतीक लिएर सापेक्षित रूपमा विशिष्ट अर्थसौन्दर्य निष्पन्न हुने गरी प्रयोग गरिएको छ ।

**वैचारिक स्वरूप**

*राजेश्वरी* खण्डकाव्यको विषयवस्तु इतिहासको महत्त्वपूर्ण एवम् संवेदनशील परिस्थितिको सन्दर्भमा आधारित छ । अनिच्छित अवस्थामा सती जान विवश पारिएको कारूणिक एवम् हृदयविदारक घटनालाई मूल रूपमा प्रस्तुत गरिएको छ । खण्डकाव्यमा अन्तरनिहित मूल वैचारिक पक्ष मानवतावादी जीवनदर्शन नै हो तापनि यस काव्यमा तत्कालीन समयको ऐतिहासिक महिमा, प्राकृतिक परिवेश र सांस्कृतिक पक्ष पनि उत्तिकै महत्त्वका साथ प्रस्तुत गरिएको छ ।

*राजेश्वरी* खण्डकाव्यको मूल अभिव्यक्ति बाँच र बाँच्न देऊ भन्ने नै हो । जीवनको मूल्य जिजीविषा नै यस काव्यको वैचारिक केन्द्र हो । यस काव्यमा सिङ्गो विश्वको मानवतालाई व्यक्त गरिएको छ । काव्यकार यो धर्ती र धर्तीका मान्छेप्रति मोहित छन् । आजको युगजीवनमा बाँचेको मान्छेले सुख पाउनु पर्दछ र सुख नपाएमा पनि प्रेमविहीन भएर समेत बाँच्न पाउनुपर्दछ भन्ने जीवनवादी स्वरूप यस काव्यमा व्यक्त गरिएको छ । राजेश्वरी आफन्तको प्रेमबाट वञ्चित छिन् । आफू वञ्चित भए पनि बाँच्नुपर्दछ । यो अधिकारबाट कोही वञ्चित हुनुहुँदैन । जसले जीवन दिएको छैन त्यसलाई जीवन खोस्ने अधिकार पनि छैन तर यस खण्डकाव्यमा यही भएको छ । हेलम्बूको प्राकृतिक सौन्दर्यतामा निर्वासित जीवन बिताएकी राजेश्वरीलाई मार्नका निम्ति बलजफती कान्तिपुर ल्याइएको छ । मानिसमा रहेको दुर्गन्धित व्यवहारबाट टाढा रहेर प्रकृतिका काखमा रमाएकी राजेश्वरी यही दुर्गन्धको सिकार भएकी छिन् । हेलम्बूको जीवन वन्य जीवन, आनन्द जीवन, आर्य जीवन एवम् ऋषि जीवन हो । सम्पूर्ण रूपमा पूर्ण रहेको यस शान्त, निश्चल एवम् मनोरम परिवेशबाट विमुख गराउने अमानवीय कृत्यको काव्यमा आलोचना गरिएको छ । आर्ष जीवनबाट नागर सभ्यतातिर मानिस उन्मुख हुँदा मानिस अनिश्चय र अन्यौलमा बाँच्न बाध्य भएको छ । त्यसैले वाग्मतीको चिताको आगोलाई आणविक सन्त्रासको प्रतीकका रूपमा चित्रण गरिएको छ । प्राकृत सभ्यतालाई छाड्दा मानिस यान्त्रिक, राक्षसी र अमानवीय बन्दै गएको र अनाहकमा मानिसले जीवन गुमाउनु परेको काव्यमा उल्लेख गरिएको छ । यसै सन्दर्भलाई कविले काव्यमा यसरी औँल्याएका छन् :

> कस्तूरी मृगको सुगन्ध बहने कैलाश मेरो घर
> भागी हिँड्छु म ता मनुष्यहरूको दुर्गन्धदेखिन् पर
> तिम्रा खलबलमा सुनिन्न-छहरा गुँज्छन् कसोरी जहाँ
> आफैँमा परिपूर्ण भै कुसुमकी फुल्छिन् किरोशी यहाँ
>
> (छाल २/४, पृ.६)

मानवताको ह्रासोन्मुखी स्थितिलाई इतिहासको धड्कनले विश्व मानव सभ्यतालाई एकपटक घोचिरहेको सन्दर्भ यस काव्यमा उल्लेख गरिएको छ । सम्पूर्ण मानव आज पतनोन्मुख दिशामा गइरहेको छ । आजको युगजीवनले विज्ञानले गरेका सम्पूर्ण उपलब्धि र प्रगतिहरू मानवताका पक्षमा

छैनन् भनेर काव्यमा स्पष्ट पारिएको छ । आज विश्वमा आणविक बमहरूको निर्माणले मानवीय पक्षको हार्दिकता झन् ह्रास भएको काव्यमा उल्लेख छ ।

यौटा चिल उडीरहेछ शिरमा गै छुन्छ, गै छुन्छ झैँ
आशङ्का मनमा छ आज सबको क्यै हुन्छ, क्यै हुन्छ झैँ
(छाल १०/३, पृ.२१)

राजेश्वरी जतिजति वाग्मतीतिर अगाडि बढ्छिन् त्यतित्यति मानवीय मूल्यहरू ह्रास हुँदैछ भन्ने सन्देश यहाँ दिइएको छ । विज्ञानका नाममा आणविक दौडबाजीमा तातिरहेको विश्वलाई मानव अस्तित्व असुरक्षित एवम् भयग्रस्त छ र प्रकृतिमा नै मानवजीवन सुरक्षित छ भन्ने मानवतावादी दृष्टिकोण काव्यमा व्यक्त गरिएको छ । विज्ञानको विकासबाट प्रभावित कान्तिपुरमा जिउँदै चितामा जल्नुपरेको दृष्टान्तमार्फत विज्ञानको प्रलोभनले मानिस जलेर खरानी हुने भएकाले मानवता प्रकृतिमा नै सुरक्षित रहेको काव्यमा उल्लेख छ ।

रानी हुन् यिनलाई आज जन हो ! एक मुठी प्राण द्यौ
छोडी निर्दय देश यो हृदयको हेलम्बू मै जान द्यौ
गर्मीमा जसरी गुमाइ जीउका भुत्ला चरी गौँथली
फर्कन्छे चिर शीतलो विरहको कैलाशमा एकली
(छाल १९/१, पृ.३९)

जीवन दिने प्रकृतिलाई मात्र जीवन लिने हक छ भन्दै काव्यमा कविले विश्व मानव जातिमा देखिएको स्वार्थी, लालची र निर्दयी चरित्रलाई उजागर गरेका छन् । यहाँ जर्बजस्ती सती जान बाध्य पारिएकी रानी राजेश्वरीका आँखामा मात्र होइन, त्यतिबेला समग्र जनताका आँखा डब्डबाइरहेका थिए भनिएको छ (रिसाल, २०५०, पृ.२८१) । काव्यमा राजेश्वरीमाथि भएको क्रुरतालाई देखाइएको छ । जीवनलाई जसले दियो उसैलाई मात्र लिने अधिकार छ (घिमिरे, २०५०, पृ.ख) । यस सन्दर्भलाई काव्यमा यसरी स्पष्ट पारिएको छ :

सक्छौ त अरूलाई प्यार दिल नै खोलेर देऊ तिमी
सक्तैनौ त अलभ्य लाभ अरूको खोसी नलेऊ तिमी
(छाल १९/४, पृ.४०)

यसरी काव्यमा मानवतावादी चिन्तन हरेक छालमा मुखरित भएको पाइन्छ ।

*राजेश्वरी* खण्डकाव्यको विषय इतिहास हो । नेपालको इतिहासमा घटेको घटनालाई आधार मानेर यस काव्यको रचना गरिएको हो । रणबहादुर शाहको शासनकालमा दरबारमा भएको खिचातानी र त्यसले सिर्जना गरेको परिणाम नै *राजेश्वरी* खण्डकाव्य हो । रणबहादुर शाहकी कान्छी रानी ललितत्रिपुरासुन्दरी र राजेश्वरीका बिचमा शासकीय होडबाजी स्पष्ट देखिन्छ । राजेश्वरीका पक्षमा दामोदर पाण्डे र ललितत्रिपुरासुन्दरीका पक्षमा भीमसेन थापा देखिन्छन् । यो द्वन्द्वले भाइभारदारका बिचमा समेत खैलाबैला हुन्छ । यही दरबारिया द्वन्द्व र षड्यन्त्रका कारण राजेश्वरी हेलम्बूमा निर्वासित भएकी हुन्छिन् । घिमिरेले वर्तमानमा बसेर इतिहासको यो चित्रलाई यसरी सचित्र उतारेका छन् :

रानी भैकन यो वसन्तपुरमा पैले म आएँ प्रिय
जानेकी छु हजार दुःख सुखमा कस्तो छ तिम्रो हिय

धेरै धूर्त अमात्यले र निठुरी सौताहरूले तर
बारम्बार हरे पनी हृदय त्यो फर्कन्छ रे मैतिर !

(छाल ४/३, पृ.९)

यस श्लोकबाट दरबारमा कस्तो द्वन्द्व र षड्यन्त्र थियो भन्ने स्पष्ट हुन्छ । यस काव्यमा इतिहासमा घटेको अत्यन्तै पीडादायी अनि निर्मम विषयलाई समेटिएको छ । इतिहासमा दरबारीया षड्यन्त्रका कारण जबर्जस्ती सती जान बाध्य पारिएकी राजेश्वरीको दुःखान्त अवस्थालाई काव्यमा कारूणिक रूपमा चित्रण गरिएको छ । इतिहासमा बगेका आँसु बारम्बार घटना बदलीबदली पोखिइरहन्छ (रिसाल, २०५०, पृ.२८३) । यस भनाइले पनि यो काव्य कति मार्मिक छ र मानवीय कलङ्कको कथाका रूपमा इतिहासको घटनामा कसरी दर्ज भएको छ त्यो स्पष्ट हुन्छ ।

*राजेश्वरी* खण्डकाव्यमा मानवीय वेदनालाई उतार्ने क्रममा प्रकृतिलाई सापेक्षमा राखिएको छ । राजेश्वरी हेलम्बूमा रमाएकी छिन् । त्यहाँ रहँदा कुनै चिन्ता एवम् बिस्मत देखिँदैन । प्रकृति साथी हुँदा व्यक्ति चरम सुखानुभूति गर्दछ भन्ने कुरा यहाँ देखाइएको छ । स्वच्छन्दतावादी कवि प्रकृतिमा रूमल्लिन मन पराउँछन् । घिमिरेले राजेश्वरीलाई प्रकृतिको छहारीमा राखेर आनन्दित तुल्याएका छन् । घिमिरे प्रकृतिको कोरा वर्णन गर्दैनन् । उनले प्रकृतिलाई जीवनसँग सापेक्षित गराएर खण्डकाव्यमा मानवतासँग समाहित गर्दै प्रकृतिको चित्रण गरेका छन् । विचलित मान्छे प्रकृतिको काखमा रम्न चाहन्छ र प्रकृतिले रमाउने क्षमता राखेको हुन्छ भन्ने विचार खण्डकाव्यमा कविले प्रस्तुत गरेका छन् । खण्डकाव्यमा प्रकृतिलाई जीवनसँग जोडेर चित्रण गरिएका प्रशस्त दृष्टान्तहरू छन् । सभ्यताको नाममा आजको विश्व यान्त्रिकतामा समाहित भएर जुन छट्पटी पाएको छ, त्यो प्रकृतिको काखमा कहिल्यै नहुने भन्दै प्रकृतिको मनोरम, सौम्य एवम् अभिभावकीय स्वरूपको मुक्तकण्ठले गायन गरिएको छ । प्रकृतिबाट मानिसले हरेक समस्याको समाधान पाउने भन्दै खण्डकाव्यमा यसको महत्त्व खुलाइएको छ । प्रकृतिलाई मानवीय जिजीविषाको प्रतिमूर्त्तिका रूपमा र बाँच्ने चाहनाको प्रेरक तत्त्वका रूपमा लिँदै सृष्टिको सर्वाङ्गमा व्याप्त प्रकृतिको सच्चिदानन्दमय दिव्य झिल्कालाई खण्डकाव्यमा समातिएको छ (पोखरेल, २०३९, पृ.८९) । प्रकृतिलाई छाड्दा मानिसलाई पश्चात्ताप हुन्छ । यसको समीपमा परमानन्द मिल्दछ । प्रकृतिमै वात्सल्य प्रेम पाइन्छ । प्रकृति नै गुरूमा हो । यो मानवीय चेतना र अनुभूतिको स्रोत हो । मानिसका निम्ति प्रकृतिको काख वरदान नै हो । मानव हृदयमा हरेक जलन र दहनलाई शीतल पार्ने मलम प्रकृतिमै पाइन्छ । हरेक छालमा कविले प्रकृतिको महिमा गायन गरेका छन् :

कालो बादल वास बस्छ अहिले यै शैलको चूडमा
पंछी गाउँछ सान्ध्य गीत सुखले यै वृक्षको नीडमा
मेरो हिर्दय बाँध हे, धरणिको यै सच्चिदानन्दमा
बन्दी भै भमरी रहोस् कमलको यै कोशको बन्धमा

(छाल १३/५, पृ.२८)

*राजेश्वरी* काव्यमा प्रकृतिलाई सृजनाकी आद्या शक्ति, मानवीय चेतना र अनुभूतिको अक्षय स्रोतका रूपमा चित्रण गरिएको छ । प्रकृतिमा सौम्य, भव्य एवम् दिव्य आकर्षण रहेको देखाइएको छ । मानव हृदयले प्रकृतिको यही सच्चिदानन्दमय एवम् चिरमधुर रसास्वादन भुल्न सक्दैन र सृष्टिको आधार प्रकृतिबाट विमुख हुन पनि सक्दैन भन्ने भाव काव्यमा व्यक्त भएको छ ।

*राजेश्वरी* खण्डकाव्यमा कविले हाम्रो सांस्कृतिक परम्परा एवम् हिन्दू आदर्शको अभिव्यक्ति पनि दिएका छन् । हेलम्बूमा बस्ने राजेश्वरीको कुटीले ग्रामीण नेपाली समाजको जनजीवनलाई अभिव्यक्त गरेको छ । नेपाली समाजका सांस्कृतिक सभ्यतासँग जोडिएका विषयहरू यस काव्यमा प्रस्तुत भएका छन् । रणबहादुरले निर्वासित गराए पनि र दूतहरूले जाली प्रेमपत्र सुनाए पनि उनमा नेपाली हिन्दू नारीहरूमा रहने पतिव्रतताको भावनाले उनी कान्तिपुर जान तयार भएकी छिन् । वज्रयोगिनीमा पतिको दीर्घायूको कामना गर्दै प्रार्थना गरेको दृश्य नेपाली संस्कृतिको सुन्दर स्वरूप हो । मन्दिरमा पूजा गर्नु, कामना गर्नु, ईश्वरप्रति आस्था राख्नु जस्ता पक्षहरू नेपाली संस्कृतिका परिचायक हुन् । कुनै समय राजेश्वरीले रणबहादुर शाहलाई सन्यास लिन रोकेकी थिइन् । यसले नेपाली समाजको सभ्यता र संस्कृतिको जीवनशैलीको चरित्रलाई चिनाएको छ । सती जान पर्ने नेपाली समाजको सांस्कृतिक परम्परालाई जुन बेला धर्म नै मानिन्थ्यो त्यसलाई काव्यमा देखाइएको छ । गीर्वाणलाई राजेश्वरीले भेट्न खोज्दा भेट्न नदिनुमा सती जाने व्यक्तिले अन्तिममा जे भन्यो त्यही हुन्छ भन्ने सांस्कृतिक विश्वास रहेको हुनाले यसैलाई जनाएर भेट्न दिइएको छैन । विधवा भएपछि रानीले वैधव्य जीवन बिताउन गरेको कुरा हिन्दू संस्कृतिमा आधारित छ । समाधि, वैकुण्ठकामना, अग्निदेवको रहस्य, सतीत्व र पतिव्रत्यको महिमा, मृत आत्मालाई श्रद्धाञ्जलि दिने परम्परा र बेलुका बत्ती बाल्ने परम्परा नेपाली संस्कृतिका स्वरूपहरू हुन् । कुनै बटुवा, परदेशी, अतिथि वा अभ्यागत आउँदा त्यसलाई उपेक्षा गरी साँझमा वास बस्न नदिनु नराम्रो हो र बास दिनु हाम्रो प्रचलन हो भन्ने ध्वनि निस्कने गरी 'अतिथि देवो भव' स्मृति जागरित गराइएको छ (पोखरेल, २०३९, पृ.८१) । काव्यमा नेपाली समाजका विविध सांस्कृतिक पक्षहरूलाई प्रस्तुत गरिएको छ । छोराले बाबुआमा पाल्नुपर्ने जस्ता नेपाली समाजका साामिजक मूल्यहरूको पनि काव्यमा चर्चा गरिएको छ । वज्रयोगिनीमा पूजा गर्दाको प्रार्थनाजन्य एउटा प्रसङ्ग यस्तो रहको छ :

> चड्कन्छ्यौ जब वज्रतुल्य रिसले हे वज्रकी जोगिनी ?
> छड्की उठ्तछ दैत्यको रगतले तिम्रो कराही अनि
> कालो भीषण शून्यको विवरमा निल्छ्यौ महासृष्टि जो
> गछ्र्यौ पालन नित्य भक्त जनमा राखी दयादृष्टि यो
>
> (छाल ७/५, पृ.१६)

*राजेश्वरी* काव्यमा नेपाली समाजका विविध सांस्कृतिक पक्षहरूलाई विभिन्न प्रसङ्गमा चित्रण गरिएको छ । पुरोहितले नै रूढीभूत नारीधर्मका चर्चा गरेका र यसको अन्तर्यमा सती प्रथाको विरोध गरेको व्यङ्ग्यभाव सहजै अनुमान गर्न सकिन्छ । धर्मपुत्र र धर्मपुत्री, आशिष र सराप, स्वर्ग र मर्त्यका प्रसङ्ग सबै नेपाली समाजका सांस्कृतिक पक्षसँग जोडिएका कुरालाई काव्यमा प्रस्तुत गरिएको छ । तत्कालीन समाजको सांस्कृतिक जीवनशैली र व्यवहार परम्परालाई *राजेश्वरी* खण्डकाव्यमा प्रस्तुत गरिएको छ । यसरी *राजेश्वरी* खण्डकाव्यमा प्राकृत सभ्यताबाट विमुख हुँदा मानिस यान्त्रिक, राक्षसी र अमानवीय बनेको र अनाहकमा जीवन गुमाउनु परेको विचारलाई प्रमुखताका साथ प्रस्तुत गरिएको छ । यसै गरी कान्तिपुरको बागमतीमा जिउँदै चितामा जल्नु परेको घटनामार्फत विज्ञानको प्रलोभनले मानिस जलेर खरानी भएको देखाएर मानवता प्रकृतिमा मात्र सुरक्षित रहेको स्पष्ट पारिएको छ । दरबारिया द्वन्द्व र षड्यन्त्रका कारण हेलम्बूमा निर्वासित मात्र

नभै जबर्जस्ती सती जान बाध्य पारिएकी राजेश्वरीको दुःखान्त जीवनमार्फत राजनीतिको अमानवीय निर्मम चित्रलाई यस काव्यमा प्रस्तुत गरिएको पाइन्छ । तत्कालीन समाजको सांस्कृतिक जीवनशैली र व्यवहार परम्परालाई सजीव चित्रण गरिएको यस काव्यमा प्रकृतिको काख नै मानव जातिका लागि वरदान हो भनिएको छ । साथै प्रकृतिमा मानव हृदयका हरेक जलन र दहनलाई शीतल पार्ने मलम हुन्छ भन्ने विचार यस काव्यमा काव्यकारले व्यक्त गरेको पाइन्छ ।

## निष्कर्ष

बीस छाल र सय श्लोकमा सृजित *राजेश्री* खण्डकाव्य शोकभावले परिपाक रहेको छ । शार्दूलविक्रीडित र शिखरिणी छन्दमा यो खण्डकाव्य लेखिएको छ । परिष्कारपूर्ण भाषाशैली रहेको यस खण्डकाव्यमा लौकिक (ठेट नेपाली), प्राकृतिक एवम् स्वाभाविक विम्ब, प्रतीक र अलङ्कारको सान्दर्भिक रूपमा प्रयोग गरिएको छ । गति, यति र लय व्यवस्थामा काव्य अब्बल रहेको छ । रणबहादुर शाहकी जेठी रानी राजेश्वरीको दुःखद मृत्युसँग यो काव्यको विषय सम्बन्धित छ । नेवारी लोकगाथा 'सती विज्याय माल'बाट यो खण्डकाव्य प्रभावित छ । यस खण्डकाव्यको विषय स्रोत ऐतिहासिक विषयवस्तु रहेको छ । सत्ता स्वार्थका कारण दरबारबाट लखेटिएकी राजेश्वरीको दुःखद निधनलाई काव्यको मूल विषय बनाइएको छ । प्रकृति नै सम्पूर्ण कुराको स्रोत भएको र यसको काखमा सुरक्षा र सुखानुभूतिको महसुस हुन्छ भन्ने काव्यमा उल्लेख छ । हरेक पीडालाई निको पार्ने शक्तिका रूपमा काव्यमा प्रकृतिलाई प्रस्तुत गरिएको छ । नेपाली समाजको सांस्कृतिक विविधताले नेपालको सभ्यतालाई मुखरित गराएको काव्यमा उल्लेख छ । संस्कृतिमा रहेका विकृतिलाई हटाउनु पर्ने सन्देश काव्यमा दिइएको छ । काव्यमा मूलतः मानवतावादी जीवनदर्शन अभिव्यक्त गरिएको छ । प्रकृतिको समीप रहँदा मानव जीवन सुरक्षित रहेको र टाढा हुँदा असुरक्षित र भयपूर्ण बनेको काव्यमा दृष्टान्तसहित स्पष्ट पारिएको छ । यही त्रास, असुरक्षा र डरबाट बँच्नका लागि प्रकृतिको काख नै उत्तम रहेको र निर्भय भएर बाँच्न पाइने सन्दर्भ काव्यमा पाइन्छ । वैज्ञानिक विकास र आणविक हातहतियारले भयपूर्ण, अमानवीय एवम् सन्त्रस्त मानवजीवन निम्त्याएको र मानवताका लागि र मानव जीवन सुरक्षित राख्न प्रकृतिमा नै फर्कनुको विकल्प नभएको काव्यको सार रहेको छ । जीवन जसले दियो उसैलाई मात्र लिने अधिकार छ भन्दै राजेश्वरीलाई बलजफ्ती चितामा जिउँदै जल्न बाध्य तुल्याउने दरबारीया षड्यन्त्रलाई कारकका रूपमा काव्यमा चित्रण गरिएको छ । यस काव्यमा यही मानवतावादी प्रकृतिवादी सन्देश नै वैचारिक रूपमा उद्देश्यमूलक बनेर प्रकट भएको छ ।

## सन्दर्भ सामग्रीसूची

अवस्थी, महादेव (२०६१), *लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता*, एकता बुक्स ।

खत्री, विष्णुकुमार (२०३७), *माधव घिमिरेको खण्डकाव्यकारिता* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र, दाङ ।

गौतम, लक्ष्मणप्रसाद (२०६०), *समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण*, साझा प्रकाशन ।

घिमिरे, माधवप्रसाद (२०५०), *राजेश्वरी* (पापिनी आमासहित) (छैटौं संस्क.) साझा प्रकाशन ।

जोशी, कुमारबहादुर (२०५४), *पाश्चात्य साहित्यका प्रमुख वाद* (तेस्रो संस्क.) साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५५), 'खण्डकाव्य', *नेपाली साहित्यकोश* (सम्पा. बराल, ईश्वर र अन्य), नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव, न्यौपाने, दैवज्ञराज र सुवेदी, केशव (सम्पा.) (२०४६), *नेपाली कविता* (भाग-४), साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव, न्यौपाने, दैवज्ञराज र सुवेदी, केशव (सम्पा.) (२०४८), *नेपाली कविता* (भाग-२), साझा प्रकाशन ।

थापा, मोहनहिमांशु (२०६६), *साहित्य परिचय*, साझा प्रकाशन ।

पोखरेल, भानुभक्त (२०३९), *माधवप्रसाद घिमिरेका विशिष्ट खण्डकाव्य*, श्याम पुस्तक भण्डार ।

पोखरेल, भानुभक्त (२०५२), 'नेपाली पद्य कवितामा कवि माधव घिमिरेको योगदान र स्थान', *काव्य समालोचना* (सम्पा. चापागाईँ, नरेन्द्र र सुवेदी, दधिराम), पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

रिसाल, राममणि (२०५०), *नेपाली काव्य र कवि* (चौथो संस्क.) साझ प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०), *कविता सिद्धान्त र नेपाली कविताको इतिहास,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

विश्वनाथ (सन् २०१२), *साहित्यदर्पण* (दोस्रो संस्क.) संस्कृत सिरिज अफिस ।

शर्मा, बालचन्द्र (२०१९), *नेपाली शब्दकोश*, रोयल नेपाल एकेडेमी ।

सिग्देल, सोमनाथ (२०५८), *साहित्यप्रदीप* (दोस्रो संस्क.) विद्यार्थी पुस्तक भण्डार ।